एकाइ ६ · हाम्रो पृथ्वी: युरोप, अस्ट्रेलिया र विपत्

कार्यपत्र

पूर्णाङ्क ३०

नाम _____ कक्षा _____ रोल नं. _____ मिति _____ प्राप्ताङ्क _____ / ३०

१ मुख्य शब्द [३]

कोठामा दिइएका उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस्। कोठाका दुईओटा शब्द प्रयोग हुँदैनन्। प्रत्येक खाली ठाउँको ०.५ अङ्क छ।

जलउत्पन्न प्रकोप **डाउन्स** **प्रायद्वीप** **फियोर्ड** **मार्सुपियल** **विषम हावापानी** **सघन खेती** **सामाजिक दायित्व**

हिमनदीले खोपेर बनेका, अग्ला भिरले घेरिएका साँघुरा र गहिरा समुद्री खाडीलाई _____ भनिन्छ। गर्मी र जाडोको तापक्रममा धेरै फरक पर्ने हावापानीलाई _____ भनिन्छ। थोरै जमिनमा धेरै परिश्रम, पुँजी र मल लगाएर गरिने खेतीलाई _____ भनिन्छ। कङ्गारु र कोआला जस्ता पेटको थैलीमा बच्चा हुर्काउने जनावरलाई _____ भनिन्छ। पानीका माध्यमबाट हुने प्रकोपलाई _____ भनिन्छ। विपत् व्यवस्थापनमा समाजका सदस्यले निभाउने भूमिकालाई _____ भनिन्छ।

२ नक्सा अध्ययन [३]

अस्ट्रेलियाको नक्सामा केही ठाउँ अङ्कले देखाइएका छन्। तलको प्रश्नको उत्तर लेख्नुहोस्।

२, ४, ७, ९, १५ र १६ अङ्कले देखाएका ठाउँको नाम लेख्नुहोस्। प्रत्येकको ०.५ अङ्क छ।



_____

_____

_____

३ ठिक कि बेठिक? [२]

वाक्य ठिक भए ✓ र बेठिक भए ✗ चिह्न लगाउनुहोस्। प्रत्येकको ०.५ अङ्क छ।

i. युरोपको सबैभन्दा अग्लो चुचुरो मोन्ट ब्ल्याङ्क हो। ☐

ii. डेन्युब संसारमै सबैभन्दा धेरै देश (१० देश) हुँदै बग्ने नदी हो। ☐

iii. अस्ट्रेलियामा भूमध्यसागरीय हावापानी सिड्नी र मेलबर्न वरपर पाइन्छ। ☐

iv. आयर ताल समुद्र सतहभन्दा करिब १५ मिटर तल छ र अस्ट्रेलियाको सबैभन्दा होचो ठाउँ हो। ☐

४ अति छोटो उत्तर [८]

तलका प्रश्नको अति छोटो उत्तर लेख्नुहोस्।

क. युरोपको सबैभन्दा लामो नदी कुन हो? [१]

ख. औद्योगिक क्रान्ति कुन देशबाट र करिब कहिले सुरु भएको थियो? [१]

ग. अस्ट्रेलियाको सबैभन्दा अग्लो चुचुरो कुन हो? [१]

घ. मसिनो र नरम ऊन दिने अस्ट्रेलियाको भेडाको जात कुन हो? [१]

ङ. नेपालमा असार महिनामा गर्मी हुँदा अस्ट्रेलियाको सिड्नीमा कुन ऋतु हुन्छ? किन? [१]

च. मानिस नबस्ने निर्जन पहाडमा ठुलो पहिरो गयो, तर कसैको घर वा सम्पत्ति बिग्रिएन। यो प्रकोप हो कि विपत्? [१]

छ. नेपालमा एम्बुलेन्स बोलाउन कुन नम्बरमा निःशुल्क फोन गर्न सकिन्छ? [१]

ज. अस्ट्रेलियाको उलुरुलाई पहिले के भनिन्थ्यो? [१]

Science Playground, कादुन्जे, भक्तपुर
https://science-playground.com/learn/grade-9-social/our-earth

५ छोटो उत्तर [८]

तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस्।

क. युरोपको भूमध्य सागर वरपरको क्षेत्रमा किन गर्मीमा होइन, हिउँदमा वर्षा हुन्छ? [२]

ख. युरोपको उत्तर-पश्चिमका देशमा डेरी उद्योगको विकास हुनाका कुनै दुई कारण लेख्नुहोस्। [२]

ग. अस्ट्रेलियाको पूर्वी किनारमा जनघनत्व किन बढी छ? दुई कारण लेख्नुहोस्। [२]

घ. तपाईंको गाउँमा बाढी आएर केही घर डुबे। समुदायका सदस्यका रूपमा तपाईं र तपाईंका साथीले गर्न सक्ने कुनै दुई काम लेख्नुहोस्। [२]

६ लामो उत्तर [४]

तलको प्रश्नको लामो उत्तर लेख्नुहोस्।

नेपालमा जलउत्पन्न प्रकोप हुनाका कारण उल्लेख गर्नुहोस्। कम्तीमा दुई प्राकृतिक र दुई मानवीय कारण लेख्नुहोस्।

७ सोच्नुहोस् [२]

सोचेर उत्तर लेख्नुहोस्।

युरोपको उत्तर-पश्चिमका डेनमार्क र नेदरल्यान्ड जस्ता देशले दुध, चिज र मक्खन संसारभरि बेच्छन्। नेपालका पहाडमा पनि घाँस र पशुपालन छ। तिनका अनुभवबाट नेपालका किसानले के सिक्न सक्छन्? कुनै दुई कुरा लेख्नुहोस्।

८ क्रियाकलाप: विपत् व्यवस्थापनका चरण (अङ्क नदिइने)

पाठ पढेर तालिका भर्नुहोस्। प्रत्येक कोठामा कम्तीमा एउटा काम लेख्नुहोस्। पहिलो पङ्क्ति उदाहरणका लागि भरिएको छ।

प्रकोप	विपत् पूर्वतयारी	विपत्को समयमा	विपत्पछि
भूकम्प	मक ड्रिल गर्ने, भवन संहिताअनुसार घर बनाउने	घुँडा टेक, शिर छोप, समात	क्षतिको आकलन गरी घर बलियो बनाएर फेरि बनाउने
बाढी			
पहिरो			
आगलागी			